**आकाशवाणी गान्तोक**
**प्रादेशिक समाचार**
4th April, 2026

## प्रधानमन्त्री सडक विक्रेता आत्मनिर्भर निधि (पीएम स्वनिधि) योजना

आवास तथा शहरी मामिला मन्त्रालयले आज रिनाकमा **प्रधानमन्त्री सडक विक्रेताको आत्मनिर्भर निधि (पीएम स्वनिधि)** योजना कार्यान्वयन सम्बन्धी जिल्लास्तरीय बैठक आयोजना गर्‍यो। उक्त बैठक पाक्योङस्थित जिल्ला प्रशासनिक केन्द्र (डीएसी) को सम्मेलन कक्षामा गान्तोक, शहरी विकास विभागको तत्पारतामा सम्पन्न भएको थियो। प्रधानमन्त्री स्वनिधि योजना भारत सरकारद्वारा 1 जून, २०२० मा सुरु गरिएको योजना हो। यस योजनाको उद्देश्य कम्ति खोर्चामा काम गर्ने पूँजी ऋणको रूपमा प्रदान गर्दै सडक विक्रेताहरूलाई एउटा विशेष लघु-क्रेडिट सुविधा उपलब्ध गराउनु रहेको छ। कोभिड-१९ राहत उपायहरूको एउटा भागका रूपमा प्रस्तुत गरिएको, यस योजनाले विक्रेताहरूलाई उनीहरूको जीविकोपार्जन गतिविधिहरू पुन: सुरु गर्न र दिगो बनाउन सहयोग गर्दछ।

## तिमी बीएसीमा जनगणना २०२७ सम्बन्धी तालिम

आगामी जनगणना २०२७ का लागि मनोनित गणनाकर्ता र पर्यवेक्षकहरूका लागि तीन दिने तालिम कार्यक्रम तिमी ब्लक प्रशासनिक केन्द्रमा आज सफलतापूर्वक सम्पन्न भयो। २ अप्रेल देखि ४ अप्रेलसम्म सञ्चालित उक्त तालिम कार्यक्रम तिमी ब्लक अन्तर्गत क्षेत्र प्रशिक्षकहरूद्वारा जनगणना सञ्चालन निर्देशनालयका अधिकारीहरूसँगको समन्वयमा सम्पन्न गरिएको हो। तालिममा जनगणना प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि आवश्यक दिशानिर्देश, प्रक्रिया र विधिहरूबारे आवगत गराएको थियो।

## सिक्किमका मुख्यमन्त्रीद्वारा शोक व्यक्त

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले कुमाउँ रेजिमेन्टका नायक विकास कुमार शहीद हुनुभएकोमा सम्मानपूर्वक गहिरो समवेदना व्यक्त गर्नुभएको छ। नायक विकास कुमार हालैमा लाचुङमा गस्तीको क्रममा हिमपहिरोमा ज्यान गुमाइ शहीद हुनुभएको थियो। श्री तामाङले शहिद नायक विकास कुमारका शोकसन्तप्त परिवारसँग यस दुखद् घडीमा आफू साथमा रहेको विचार व्यक्त गर्नुभएको छ। यसका साथै यस दुखद् घडीमा उहाँहरूका साथमा राष्ट्र पनि खडा रहेको छ, श्री तामाङले भन्नुभयो । सिक्किमका लोकसभा सांसद इन्द्रहाङ सुब्बाले पनि शहिद कुमारका परिवारप्रति समवेदना प्रकट गर्नुभयो।

## निर्वाचन अपडेट

सिक्किम नगरपालिका चुनावको नामाङ्क भर्ने र फिर्ता लिने प्रक्रिया पूरा भएको छ। यस प्रक्रिया पूरा भएपछि आज पाक्योङ जिल्लाका दशजना उम्मेदवारहरूलाई आम नगरपालिका चुनाव २०२६ अन्तर्गत आ-आफ्नो वार्डबाट निर्विरोध निर्वाचित भएको घोषित गर्‍यो। पाक्योङका नगर निर्वाचन अधिकारी एवम् जिल्ला पाल **रोहन अग्वानेले** निर्विरोध निर्वाचित उम्मेदवारहरूलाई निर्वाचन प्रमाणपत्र औपचारिक रूपमा प्रदान गर्नुभयो। गान्तोक नगर निगमका १९ जना उम्मेदवार र सिङ्ताम नगर पञ्चायतका ५ जना उम्मेदवारहरू निर्विरोध बने। निर्विरोध उम्मेदवारहरूलाई नगर निर्वाचन अधिकारी एवम् गान्तोकका जिल्लापाल **तुषार जी निखारे**ले निर्वाचन पर्यवेक्षक **बसन्त कुमार लामा** र नगर निर्वाचन सहायक अधिकारीहरूको उपस्थितिमा निर्वाचन प्रमाणपत्र प्रदान गर्नुभयो। यसरीनै गेजिङ नगर पञ्चायतको पाँचै वार्डका उम्मेदवारहरू पनि निर्विरोध बनेका छन्।

## सिक्किम प्रिमियर लिग भोलिदेखि सुरु हुने तयारीमा छ

सिक्किममा प्रिमियर लिग भोलिदेखि सुरु भइरहेको छ। वार्षिक फ्रान्चाइज-आधारित यो फुटबल प्रतियोगिताको चौथो संस्करणको उपाधिका लागि यस पटक राज्यका छवटै जिल्लाका आठवटा क्लबहरूले प्रतिस्पर्धामा भाग लिइरहेका छन्। भोलि दिउँसो सिक्किम प्रिमियर लिग उद्घाटन खेल **सिसिङ्लिङ स्पोर्टिङ क्लब** बनाम **सिक्किम ड्र्यागन फुटबल क्लब** बीच प्रतिस्पर्धा हुनेछ।

४० दिन लामो समयसम्म खेलिने यो फुटबल प्रतियोगिता **फुटबल विकास प्राइभेट लिमिटेड (FDPL)** द्वारा सिक्किम सरकारको **खेलकुद तथा युवा मामिला विभाग**को तत्वावधानमा र **सिक्किम फुटबल सङ्घ**को प्राविधिक सहयोगमा आयोजना गरिएको छ। सिक्किम प्रिमियर लिगमा विजेतालाई २० लाख, उपविजेतालाई १० लाख र लिग विजेतालाई ५ लाख नगद पुरस्कार दिइनेछ।

## राज्य तथा केन्द्र सरकारको सूक्ष्म, साना तथा मझौला उद्यम (MSME) योजनाहरू

जिल्लाव्यापी पहलको एउटा भागको रूपमा, सूक्ष्म, साना र मझौला उद्यम (MSME) कार्यसम्पादन बढाउने र गति दिने **(RAMP)** कार्यक्रम अन्तर्गत MSME योजनाहरू सम्बन्धी एक दिने जागरूकता कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रम आज डुगा ग्राम प्रशासन केन्द्रको सामुदायिक कक्षामा सिक्किम सरकारको वाणिज्य तथा उद्योग विभाग अन्तर्गत जिल्ला उद्योग केन्द्र (DIC), पाक्योङले SEED सेलसँगको सहकार्यमा आयजोना गरेको थियो। कार्यक्रमको प्राथमिक उद्देश्य विद्यमान र आकाङ्क्षी उद्यमीहरूका लागि विभागद्वारा कार्यान्वयन भइरहेका विभिन्न राज्य तथा केन्द्र सरकारको MSME योजनाहरूबारे जागरूकता सिर्जना गर्नु हो।